**मिति २०८२/०४/०८ गतेको गाउँ कार्यपालिकाको पहिलो बैठकमा पेश भएका प्रस्तावहरु**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | |
| २. | करार कर्मचारीहरुको करार म्याद थप सम्बन्धमा । | |
| ३. | कर्मचारी कामकाज खटाउने सम्बन्धमा । | |
| ४. | सूचना प्रविधि अधिकृत व्यवस्थापन/विज्ञापन सम्बन्धमा । | |
| ५. | अनुगमन तथा सुपरिवेक्षण समिति सदस्य सम्बन्धमा । | |
| ६. | बेरुजु फछ्र्यौट सहजीकरण समिति सम्बन्धमा । | |
| ७. | विद्युतीय हाजिरी लागु गर्ने सम्बन्धमा । | |
| ८. | आर्थिक सहायता सम्बन्धमा । | |
| ९. | आयोजना र कार्यक्रम कार्यान्वयन सम्बन्धमा । | |
| १०. | आ.व. २०८१/०८२ को वार्षिक प्रगति समिक्षा सम्बन्धमा । | |
| ११. | भगवतीमाई आधारभूत अस्पतालको लागि कार्यालय/सहयोगी विज्ञापन सम्बन्धमा । | |
| १२. | विविध । | |

**मिति २०८२/०४/०८ गतेको गाउँ कार्यपालिकाको पहिलो बैठकबाट भएका निर्णयहरुः**

१. यस कार्यपालिकाबाट अघिल्ला बैठककमा भएका निर्णयहरुको कार्यान्वयन समिक्षा गरियो ।

२. यस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत देहायमा करार सेवामा कार्यरत कर्मचारीहरुको गाउँसभाले तोकेको सेवा सुविधा बमोजिम सेवा अवधि मिति २०८२/०४/०१ देखि २०८२ पौष मसान्तसम्म थप गर्ने र कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन र नियमावली तथा स्रोत अभावको कारण अन्य देहायका कर्मचारीहरुको म्याद थप नगर्ने ।

**तपसिलः**

| क्र.सं. | म्याद थप हुने कर्मचारीहरु |
|---|---|
| १. | नेपाल सरकार र प्रदेश सरकारबाट स्रोत सुनिश्चितता भएका कार्यक्रम तर्फका कर्मचारी |
| २. | स्वीकृत दरबन्दीभित्र कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीहरु |
| ३. | इलेक्ट्रिसियन र तहविहिन कर्मचारीहरु |
| | **म्याद थप नहुने कर्मचारीहरु** |
| १. | प्रशासन सहायक श्री भवानीप्रसाद अधिकारी र श्री पुर्णबहादुर शाही |
| २. | सब ईन्जिनियर श्री खगेन्द्रप्रसाद शर्मा र अ. सब ईन्जिनियर श्री दिपकराज अधिकारी र श्री ज्ञानबहादुर थापा |
| ३. | शिक्षा स्रोत विज्ञ श्री तेजबहादुर खड्का |
| ४. | कृषि स्नातक श्री रोजन खड्का |
| ५. | प्राविधिक सहायक श्री त्रिलोचन थापा र रोजगार सहायक श्री राजु खड्का |

| | |
|---|---|
| ६. | सहायक कम्प्युटर अपरेटर श्री कृष्णबहादुर थापा र पदम खड्का |
| ७. | श्रम रोजगार बैङ्क अध्यक्ष श्री श्यामराज थापा र मुख्य व्यवस्थापक हरि वि.क. |

३. यस भगवतीमाई गाउँपालिका अन्तर्गत कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाह चुस्तदुरुस्त बनाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

४. यस भगवतीमाई गाउँपालिका अन्तर्गत करार सेवामा रिक्त सूचना प्रविधि अधिकृत व्यवस्थापन वा विज्ञापन गर्ने ।

५. यस भगवतीमाई गाउँपालिका अन्तर्गत अनुगमन तथा सुपरिवेक्षण समिति देहाय बमोजिम पुनर्गठन गर्ने ।

<u>तपसिलः</u>

| क्र.सं. | नामथर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | मिनाकुमारी खड्का | उपाध्यक्ष | संयोजक |
| २. | कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. | रेशम वादी | कार्यपालिका सदस्य | सदस्य |
| ४. | रञ्जना भण्डारी | कार्यपालिका सदस्य | सदस्य |
| ५. | शाखा प्रमुख | प्रशासन, योजना तथा अनुगमन शाखा | सदस्य सचिव |

६. यस भगवतीमाई गाउँपालिका अन्तर्गत आ.व. २०७३/०७४ देखि हालसम्मका आर्थिक वर्षहरुमा कायम रहेका बेरुजु नियमित र असुल गरी फछ्यौट गर्नको लागि देहाय बमोजिमको बेरुजु फछ्यौट सहजीकरण समिति गठन गर्ने।

<u>तपसिलः</u>

| **क्र.सं.** | **नामथर** | **पद** | **जिम्मेवारी** | **कैफियत** |
|---|---|---|---|---|
| १. | इन्द्रबहादुर थापा | वडा अध्यक्ष, वडा नं. १ | संयोजक | |
| २. | इन्द्रप्रसाद अधिकारी | वरिष्ठ लेखा अधिकृत | सदस्य | |
| ३. | रतिमान बढा | वरिष्ठ लेखा सहायक | सदस्य | |
| ४. | भिमराज खड्का | आन्तरिक लेखा परीक्षक | सदस्य सचिव | |

७. भगवतीमाई गाउँपालिका अन्तर्गत कार्यालयहरुमा सूचना विभागद्वारा तयार गरिएको विद्युतीय हाजिरी लागु गर्ने ।

८. यस भगवतीमाई गाउँपालिकाका देहायका व्यक्तिहरुले आर्थिक सहायताका लागि निवेदन पेस गरेकाले तपसिल बमोजिमको रकम आर्थिक सहायता बापत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

| क्र. सं. | नामथर | ठेगाना | आर्थिक सहायता दिनुपर्ने कारण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | चमन शाही | वडा नं. ४ | बालक हराई  मृत्यु भएको | १५०००। | क्रिया खर्च |
| २. | तारा शाही | वडा नं. ३ | श्रीमान् भिरबाट लडि मृत्य भएको | १५०००। | क्रिया खर्च |
| ३. | लालु कामी | वडा नं. ५ | कृतिम खुट्टा हाल्नुपर्ने | १५०००। | उपचार खर्च |
| ४. | बाले खड्का | वडा नं. ५ | हातको औला भाँचिएको | २००००। | उपचार खर्च |
| जम्मा रकम | | | | | |

९. यस गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को लागि स्वीकृत वार्षिक आयोजना र कार्यक्रम कार्यान्वयन सम्बन्धमा देहाय बमोजिम गर्ने ।

क. आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि वार्षिक विकास कार्यक्रम/कार्य-योजना, वार्षिक खरिद योजना २०८२ श्रावण मसान्तभित्र स्वीकृत गराईसक्ने ।

ख. गाउँपालिकाबाट हुने खरिद प्रक्रियालाई प्रतिस्पर्धी, पारदर्शी बनाउने ।

ग. प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार र श्रम रोजगार कार्यक्रमको लागि आवश्यक श्रमिक २०८२ भदौ मसान्तसम्म छनौट गरिसक्ने ।

घ. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजनाको लागि असोज मसान्तभित्र उपभोक्ता समिति गठन गरिसक्ने ।

ङ. ठेक्का मार्फत कार्यान्वयन हुने आयोजनाहरु पहिलो त्रैमासिक अवधिमा ठेक्का बन्दोबस्त गरिसक्ने ।

च. आयोजना ठेक्का व्यवस्थापन बैठक सम्झौता अवधिदेखि नियमित रुपमा सञ्चालन गर्ने ।

छ. श्रमिक समिति र उपभोक्ता समितिलाई अनिवार्य अभिमुखीकरण गर्ने ।

१०. यस गाउँपालिकाको गत आ.व. २०८१/०८२ को वार्षिक प्रगति समिक्षा कार्यक्रम २०८२ श्रावण २१ र २२ गते गर्ने ।

११. यस गाउँपालिका अन्तर्गत सञ्चालित भगवतीमाई आधारभूत अस्पतालको लागि आवश्यक कार्यालय सहयोगी २ करार सेवामा लिन विज्ञापन गर्ने ।

१२. यस गाउँपालिका अन्तर्गत निर्माणाधिन भैरव मा.वि. खोर भवन निर्माण (BRM/SBCW/NCB/04//2080/081) कार्य सम्पन्न अवधि २०८२/०४/१५ गते रहेकोमा प्राविधिक प्रतिवेदन तथा गाउँ कार्यपालिकाको सिफारिस बमोजिम मिति २०८२/०९/३० गतेसम्म म्याद थप गर्ने ।

**भिन्न मत**

| **क्र.सं.** | **सदस्यको नाम** | **पद** | **भिन्न मतको संक्षिप्त व्यहोरा** | **दस्तखत** |
|---|---|---|---|---|
| | | | | |